बैठक नं.१५

आज मिति २०८३/०२/१८ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो।

समय : बिहान ७:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | दीपक ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | |

आई प्रसाद राई - का.वा. वडाध्यक्ष - ९

सन्दीप खनाल - का.वा. वडाध्यक्ष - ६

रिता थारु - का.वा. वडाध्यक्ष - १२ रिता

प्रस्ताव नं. १५.१

मिति २०८३/०२/१७ मा वसेको नगरकार्यपालिकाको चौधौं बैठकवाट पारित भएका निर्णयहरुको समीक्षा सम्वन्धमा।

निर्णय नं. १५.१

- प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गरिएको ।
- वुटवल उपमहानगरपालिका वडा नं. ९ स्थित लुम्विनी वस टर्मिनलको आगामी दुई आर्थिक वर्ष ०८३/०८४ र ०८४/०८५ का लागि आय ठेक्का वन्दोवस्ती गर्न न्यूनतम ठेक्का अंक स्वीकृत गरिएको।
- वुटवल उपमहानगरपालिका क्षेत्र भित्र रहेका हाटवजारहरुको आगामी दुई आर्थिक वर्ष०८३/०८४ र ०८४/०८५ का लागि आय ठेक्का वन्दोवस्ती गर्न न्यूनतम ठेक्का अंक तोक्ने गरी निर्णय लिईएको ।
- वुटवल उपमहानगरपालिका क्षेत्र भित्र कवाडीजन्य सामग्री संकलन तथा निकासीको लागि पटक/पटक गरी ८ पटक सम्म आय ठेक्का सम्वन्धी टेन्डर आह्वान गर्दा समेत वोलपत्र पेश नभएकोले आवश्यक निर्णय लिईएको ।
- वुटवल उपमहानगरपालिका क्षेत्र भित्रका वसपार्क र हाटबजारहरुको फोहोर व्यवस्थापनका लागि आवश्यक निर्णय लिईएको ।

प्रस्ताव नं. १५.२

बुटवल उपमहानगरपालिकाको नगरसभाको १९ औं अधिवेशन वस्नका लागि मिति तोक्ने सम्बन्धमा ।

निर्णय नं. १५.२

आगामी आ.व. ०८३/०८४ का लागि वार्षिक नीति तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक र अन्य ऐनहरु माथि आवश्यक संशोधन एवम नयाँ ऐनको निर्माण समेत गर्ने प्रयोजनका लागि देहायको मिति, समय र स्थानमा वुटवल उपमहानगरपालिकाको नगरसभाको १९ औं अधिवेशन वस्ने निर्णय गरियो ।

मिति: २०८३/०२/२९ गते शुक्रवार ।
समय: दिनको १:०० वजे।
स्थान: वुटवल उपमहानगरपालिकाको सभाहल ।

प्रस्ताव न. १५.२

नदीजन्य पदार्थको व्यवस्थापनका लागि कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं. १५.३

बुटवल उपमहानगरपालिकाबाट जारी भएको प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी ऐन, २०८१ परिच्छेद -२ उत्खनन् , संकलन र घाटगद्दी सम्वन्धी व्यवस्था अन्तर्गत दफा ३ को उपदफा (१) बमोजिम वार्षिक कार्ययोजना स्वीकृत गराउनु पर्ने तथा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा २ बमोजिम दुवै स्थानीय तह बीच पारस्परिक समझदारीमा सहकार्य र सोही मापदण्डको दफा ४ को उपदफा १(क) मा गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको संकलन, उत्खनन् र विकी गर्दा उत्खनन् र संकलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगरकार्यपालिकावाट स्वीकृत गर्नुपर्नेछ भन्ने व्यवस्था बमोजिम यस बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिकाको संयुक्त क्षेत्र अन्तर्गत वुटवल १६ र सैनामैना १ को दानव नदी (कर्साघाट) को नदी व्यवस्थापन समझदारी, २०८२ बमोजिम दुवै पालिका बीच मिति २०८२।११।२५ मा भएको सहमति अनुसार मिति २०८३।०२।१३ मा युनिभर्सल ईन्जिनियरिङ्ग कन्सल्टेण्ट एण्ड बिल्डर्स, तिलोत्तमा ५ रुपन्देहीले पेश गरी नगरकार्यपालिकाको मिति २०८३।०२।१७ मा बसेको बैठकवाट वडा नं. १६ र सैनामैना नगरपालिका वडा नं १ को क्षेत्राधिकार भएर बग्ने दानव खोलावाट दीगो रुपमा नदीजन्य पदार्थको उत्खनन् तथा व्यवस्थापन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत भएकोले उक्त दानव नदी (कर्साघाट)को नदीजन्य पदार्थको उत्खनन् एवम् संकलन सम्वन्धी देहायको कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

कार्य योजनामा उल्लेखित नदी तथा घाटहरुबाट नदीजन्य पदार्थ संकलनबाट प्राप्त गर्न सकिने राजश्व रकम :

| सि. नं. | खोलाको नाम | घाटको नाम | ठेगाना | उत्खनन् परिमाण (घनफुटमा) २०% वल्किङ समेत) | प्रति घन फुट दर (भ्याट बाहेक) | प्राप्त गर्न सकिने न्यूनतम राजश्व रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | दानव खोला | मुक्तिघाट क्षेत्र०१ -, सैनामैना | सैनामैना | ५०६६०३.६५ | १८ | ९११८८६५.७७ | पुलक्षेत्र |
| | | मुक्ति घाट क्षेत्र०२ -, बुटवल | बुटवल | ४४८७६६.५ | १८ | ८०७७७९७.०५ | पुलक्षेत्र |
| | | मुक्ति घाट क्षेत्र०३-, सैनामैना | सैनामैना | ६७२६६२.७६ | १८ | १२१०७९२९.७६ | पुलक्षेत्र |
| | | दोघाट क्षेत्र०४-, बुटवल | बुटवल | २५४४६३.८९ | १८ | ४५८०३४९.९३ | पुलक्षेत्र |
| | | इट्टा पारि डाँडा, क्षेत्र०५-, बुटवल | बुटवल | ४९८५०९.८३ | १८ | ८९७३१७६.९६ | नियमित क्षेत्र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | इट्टा पारि डाँडा, क्षेत्र०६-, सैनामैना | सैनामैना | ३०९३६३.६३ | १८ | ५५६८५४५.२८ | नियमित क्षेत्र |
| | उपल्लो भाठा क्षेत्र०७-, बुटवल | बुटवल | ४४३७३३. | १८ | ७९८७१९४.०४ | नियमित क्षेत्र |
| | लिखिहवा घाट ,क्षेत्र०८-, सैनामैना | सैनामैना | ३०३५३५.८५ | १८ | ५४६३६४५.३७ | नियमित क्षेत्र |
| | खैरिहवा घाट क्षेत्र०९-, सैनामैना | सैनामैना | ४५३२९३.५२ | १८ | ८१५९२८३.३० | नियमित क्षेत्र |
| | पिकनिकक्षेत्रघाट, क्षेत्र-१०, बुटवल | बुटवल | ३१७९९२.९७ | १८ | ५७२३८७३.४५ | नियमित क्षेत्र |
| | कर्सांघाटक्षेत्र-११, बुटवल | बुटवल | २२५१०३.८६ | १८ | ४०  ९५९.५१ | नियमित क्षेत्र |
| जम्मा | | | ४४३४०३४.४७ | १८ | ७९८१२६२०.४६ | |

प्रस्ताव नं. १५.४
आयोजनाहरुका लागि नदीजन्य पदार्थ उपलब्ध गराउने सम्वन्धमा ।

**निर्णय नं. १५.४**

निर्णय नं. १

क. वुटवल-गोरुसिंगे-चन्द्रौटा सडक योजना कार्यालय अन्तर्गत वुटवल-गोरुसिंगे-चन्दौटा सडक र पुल स्तरोन्नती कार्य नेपाल सरकारको रुपान्तरणकारी एवम् प्राथमिकता (P1) प्राप्त आयोजना, ठेक्का नं ACCESS-DOR-W-BGC-ICB-1 (LOT-1) ,निर्माण व्यवसायी श्री SCEGC-ANS-j.v.भएको आयोजनाका लागि आवश्यक नदीजन्य पदार्थ वुटवल उपमहानगरपालिकाको प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन, २०८१ को दफा ६ को उपदफा (२) समेत र नेपाल सरकारद्धारा जारी भएको ढुङ्गा ,गिट्टी, वालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को बूँदा नं. १२, ठूला रुपान्तरणकारी राष्टिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि विशेष व्यवस्थामा भएअनुसार नियमानुसारको शुल्क वुझी आवश्यक नदीजन्य पदार्थ उपलब्ध गराइ दिनु हुन भनी च.नं २७३ मिति २०८३/०२/१३, च.नं ३८ मिति २०८१/०६/१८ र च.नं ३६ मिति २०८२/०५/२३ को वुटवल गोरुसिंगे चन्द्रौटा सडक योजना कार्यालय, वुटवलको पत्र र ताकेता पत्रबाट समेत अनुरोध भइ आएको हुँदा मिति २०८३/०२/१७ गते वुटवल १६ र सैनामैना १ को संयुक्त क्षेत्रमा पर्ने दानव नदी (कर्साघाट) को नदीजन्य पदार्थको उत्खनन् एवम् संकलन सम्वन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन

(IEE) बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत भएकाले देहायका विवरण अनुसारका नदिजन्य पदार्थ त्रिपक्षीय सम्झौता (बुटवल उपमहानगरपालिका, बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजना कार्यालय ,बुटवल र **SCEGC–ANS– j.V.)** गरी उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स | संकलन/उत्खनन स्थल | औसत गहिराइ (मि.) | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन उत्खनन् गर्न सकिने परिमाण (घ.फुट) | अक्षांस / देशान्तर | प्रति घनफुट दर रेट (मु अ कर वाहेक) | कार्यालयको नाम |
|---|---|---|---|---|---|---|
| १ | इट्टा पारि डाँडा, क्षेत्र-५, बुटवल | १.५ | ४९८५०९.८३ | २७.६७२३६८, ८३.३७२८२३ | ४५.७० | बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजना |
| २ | इट्टा पारि डाँडा, क्षेत्र-०६, सैनामैना | १.०० | ३०९३६३.६३ | २७.६६९१९, ८३.३७२३९७ | ४५.७० | बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजना |
| ३ | उपल्लो भाठा क्षेत्र-०७, बुटवल | १.५० | ४४३७३३.०० | २७.६६६८७४, ८३.३६८१८७ | ४५.७० | बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजना |
| ४ | लिखिहवा घाट, क्षेत्र-०८, सैनामैना | १.२० | ३०३५३५.८५ | २७.६६४६४७, ८३.३६८६०७ | ४५.७० | बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजना |
| ५ | खैरिहवा घाट, क्षेत्र-०९, सैनामैना | ०.९० | ४५३२९३.५२ | २७.६६१९३१, ८३.३६४२३६ | ४५.७० | बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजना |
| | जम्मा घनफुट | | २०,०८,४३५.८३ | | | |

ख. सडक डिभिजन बुटवल अन्तर्गत बुटवल चौराहा देखि चिडिया खोला सडक स्तरोन्नती कार्य, ठेक्का नं DORBTL/33701130/2080/81-35, निर्माण व्यवसायी श्री Babul Darshan Malika J.V, भैरहवा रुपन्देहीको भएको उक्त कार्यका लागि आवश्यक नदीजन्य पदार्थ बुटवल उपमहानगरपालिकाको प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी ऐन,२०८१ को दफा ६ को उपदफा २ वमोजिम नियमानुसारको राजश्व वुझि आवश्यक नदीजन्य पदार्थ उपलब्ध गराइ दिनु हुन भनी च.नं ७५८ मिति २०८२/१०/०८ र च.नं ६७३ मिति २०८२/१०/१३ को सडक डिभिजन बुटवलको पत्रबाट समेत अनुरोध भइ आएको हुँदा मिति २०८३/०२/१७ गते बुटवल उ.म.न.पा १६ र सैनामैना न.पा.१ को संयुक्त क्षेत्रमा पर्ने दानव नदी (कर्साघाट) को नदीजन्य पदार्थको उत्खनन् एवम् संकलन सम्वन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE)बुटवल उपमहानगरपालिका

नगरकार्यपालिकावाट स्वीकृत भएकाले देहायको विवरण अनुसारको नदिजन्य पदार्थ त्रिपक्षीय सम्झौता (वुटवल उपमहानगरपालिका , सडक डिभिजन वुटवल र Babul Darshan Malika J.V.) गरी उपलब्ध गराउने निर्णय गरियो ।

| क.स | संकलन/उत्खनन स्थल | औसत गहिराइ (मि.) | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन उत्खनन् गर्न सकिने परिमाण ( घ.फुट) | अक्षांस / देशान्तर | प्रति घनफुट दर रेट (मु अ कर वाहेक) | कार्यालयको नाम |
|---|---|---|---|---|---|---|
| १ | पिकनिक क्षेत्र घाट, क्षेत्र-१०, वुटवल | १.५० | ३१७९९२.९७ | २७.६६०९०२, ८३.३६२५३१ | ४५.७० | सडक डिभिजन वुटवल |
| २ | कर्साघाट क्षेत्र-११, वुटवल | १.२० | २२५१०८.८६ | २७.६५८७५१, ८३.३६३८६१ | ४५.७० | सडक डिभिजन वुटवल |
| | **जम्मा घनफुट** | | ५,४३,१०१.८३ | | | |

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिंदै प्रमुखज्यूवाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।